**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ अप्रेल २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. **प्रधान मन्त्री Narendra Modi ले देशका प्रत्येक महिलालाई सरकारले महिला आरक्षणको मार्गमा आउने सबै अवरोधहरू हटाउने आश्वासन दिनुभयो।**

२. पश्चिम बंगालमा आगामी २३ अप्रेलमा हुने पहिलो चरणको मतदानको लागि चुनाव प्रचार तिब्र **प्रधान मन्त्री,** केन्द्रीय स्वास्थ्य मातरी, राज्यकी मुख्यमन्त्री लगायतका नेत्रित्वहरुले आज **आ- आफ्नो उम्मेदवारहरूको समर्थनमा धेरै जनसभाहरूलाई सम्बोधन** गर्नुहुनेछ।

३. पश्चिम बंगाल विधानसभा चुनावअघि निर्वाचन आयोगले मतदाता दर्ताको नयाँ तथ्याङ्क सार्वजनिक गरेको छ।

४. निर्वाचन आयोगले राज्यमा विधान सभा चुनाउ अघि एक अभूतपूर्व पाइला चाल्दै लगभग प्रत्येक मतदान केन्द्रमा वरिपरि एउटा लच्छुमण रेखा तान्ने घोषणा गरेको छ।

५. भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा पार्टीले चुनावी घोषणा पत्र जारी गरेको छ।

**नया रात्रि पीएम - संबोधन**

प्रधान मन्त्री Narendra Modi ले देशका प्रत्येक महिलालाई सरकारले महिला आरक्षणको मार्गमा आउने सबै अवरोधहरू हटाउने आश्वासन दिनुभएको छ। राष्ट्रका नाम हिज सम्बोधन गर्दै प्रधानमन्त्रीले नारी शक्ति वन्दन अधिनियममा संशोधन गर्ने विधेयकले लोकसभामा पारित हुनका लागि आवश्यक ६६ प्रतिशत मत नपाए पनि देशका सबै महिलाको आशीर्वाद आफ्नो सरकारसँग रहेको बताउनु भयो। महिला आरक्षणको विरोध गर्ने दलहरूले संसद् र राज्य विधान सभामा महिलाको बढ्दो सहभागितालाई रोक्न नसक्ने श्री मोदीले बताउनु भयो । उहाँले भन्नुभयो, नारी शक्ति वंदन संशोधन समयको आवश्यकता हो र यो उत्तर, दक्षिण, पूर्व र पश्चिम सहित सबै क्षेत्रहरूमा सन्तुलित सशक्तीकरण सुनिश्चित गर्ने प्रयास हो। आफ्नो सम्बोधनमा प्रधान मन्त्रीले नारी शक्ति वन्दन संशोधनको उद्देश्य २०२९ मा हुने आगामी लोकसभा चुनावबाट महिलाहरूलाई उनीहरूको बाँकी रहेको अधिकार दिनु पनि रहेको साथै, यो विधेयक २१ औं शताब्दीका भारतका महिलाहरूका लागि नयाँ अवसरहरू सिर्जना गर्ने, उनीहरूलाई नयाँ उड़ान दिने र उनीहरूको मार्गमा आउने अवरोधहरू हटाउने क्रान्तिकारी प्रयास रहेको बताउनु भयो। यसको साथै प्रधान मंत्रीले विधेयक पारित हुन नदिएकोमा विपक्षी दलहरुको आलोचना पनि गर्नुभएको छ।

**पश्चिम बंगाल - प्रचार अभियान**

प्रधान मन्त्री तथा भाजपाका वरिष्ठ नेता नरेन्द्र मोदीले आज पश्चिम बंगालमा पार्टी उम्मेदवारहरूका लागि प्रचार गर्नुहुनेछ। पार्टी स्रोतका अनुसार उहाको बिहान ११ बजे बरजोरामा र्यालीलाई सम्बोधन गर्ने, त्यसपछि दिउँसो १२ बजे पुरुलिया र झारग्राममा त्यसपछि पश्चिम मिदनापुरमा र्यालीलाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

यसतै केन्द्रीय स्वास्थ्य मन्त्री जगत प्रकाश नड्डा पनि उत्तर बंगालको चुनाव प्रचार अभियानमा सहभागी हुनुहुनेछ। यस क्रममा उहाले कुचबिहारको सितलकुचीमा एक सार्वजनिक सभा गर्ने र दिउँसो जलपाइगुडीमा रोड शोमा भाग लिनुहुनेछ। यसैबीच रक्षामन्त्री राजनाथ सिंह कोलकाता आई पुगनु भएको छ । उहाले बीरभूममा भाजपा उम्मेदवारहरूको समर्थनमा र्याली र रोड शोमा भाग लिनुहुनेछ। यस्तै भाजपाका राष्ट्रिय अध्यक्ष नितिन नवीनको आज दिउँसो बालुरघाटमा रोड शोको नेतृत्व गर्ने र त्यसपछि मालदामा एक सार्वजनिक सभा गर्ने कार्यक्रम रहेको छ। त्यसपछि उहाको साँझसम्म कोलकाता पुगने र भोलि पूर्वी मिदनापुरमा श्रृंखलाबद्ध कार्यक्रमहरूमा भाग लिनुहुनेछ। यस्तै तृणमूल कांग्रेसकी नेतृ तथा मुख्यमंत्री ममता बनर्जी आज चुनाव प्रचारमा व्यस्त रहनुहुनेछ । पार्टी सुत्रका अनुसार उहाँले आज दिउँसो तारकेश्वर विधानसभा क्षेत्रमा पार्टी उम्मेदवार रामेन्दु सिंह रायको समर्थनमा र्याली गर्नुहुनेछ। त्यसपछि उहाँले

देबप्रसाद बागका लागि कलना र सिद्दिकुल्लाह चौधरीका लागि मोन्टेश्वरमा हुने अभियानमा भाग लिनुहुनेछ। यस्तै पार्टीका उम्मेदवार खोकन दासको लागी बर्धमान दक्षिणमा चुनावी र्यालीसँगै उहाको आजको चुनाव अभियानको समाप्त हुनेछ।

**हेमन्त विस्व-बंगाल**

असमका मुख्यमन्त्री तथा भाजपा नेता हिमन्त विश्व शर्माले टीएमसी सरकारले उत्तर बंगाल, विशेष गरी गोर्खा समुदायप्रति भेदभाव गरेको आरोप लगाउनुभएको छ। हिजो कालेबुङको भाजपा गठबन्धन उम्मेदवार भारत क्षेत्रीको समर्थनमा गोरुबथानमा चुनावी सभा सम्बोधन गर्ने क्रममा शर्माले यस्तो बताउनुभयो। सभालाई सम्बोधन गर्दै श्री शर्माले उहाँले भाजपा नेतृत्वमा प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाहको अगुवाईमा गोर्खाहरूका लागि संविधानभित्रै स्थायी राजनीतिक समाधान सुनिश्चित गरिने दाबी गर्नुभयो।

**पश्चिम बंगाल - नए मतदाता**

पश्चिम बंगाल विधानसभा चुनावअघि निर्वाचन आयोगले मतदाता दर्ताको नयाँ तथ्याङ्क सार्वजनिक गरेको छ। मस्यौदा सूची प्रकाशित भएदेखि नामाङ्कन सकिएसम्म करिब पाँच लाख नयाँ मतदाता मतदाता सूचीमा सामेल भएका छन् । अधिकारीहरूका अनुसार फॉर्म-6 मार्फत लगभग सात लाख आवेदनहरू दायर गरिएको थियो, र प्रमाणिकरण पछि, योग्य नामहरू सूचीमा थपिएका छन्। गत 28 फरवरीमा सार्वजनिक भएको अन्तिम नामावलीमा एक लाख ८८ हजार २०७ जना नयाँ मतदाता सामेल थियो। यसपछि अर्को महिना थप पाँच लाख नाम थपियो।
जिल्लास्तरीय तथ्याङ्कका अनुसार सबैभन्दा अधिक वृद्धि उत्तर २४ परगना, हावडा, हुगली, कोलकाता र पूर्वी मिदनापुर जिल्लामा देखिएको छ। उत्तर २४ परगनामा मात्रै ७१ हजारभन्दा अधिक नयाँ मतदाता दर्ता भएका छन् भने कोलकातामा ४४ हजार नयाँ मतदाता थपिएका छन्। आयोगको तथ्याङ्कअनुसार महिला मतदाताको संख्यामा भने कमी आएको छ।

हाल पश्चिम बंगालमा कुल ६ करोड़ ८२ लाख ५१ हजार ८ मतदाता छन्। जसमा ३ करोड ४९ लाख पुरुष, ३ करोड ३३ लाख महिला र १ हजार २ सय ५७ मतदाता तेस्रो लिङ्ग अन्तर्गत दर्ता भएका छन्। न्यायाधिकरणमा विचाराधिन मुद्दा निप्टाउने भएपछि यो संख्या अझै बढ्न सक्ने आयोग स्रोतको भनाइ छ।

**पश्चिम बंगाल-निर्वाचन आयोग**

निर्वाचन आयोगले राज्यमा विधान सभा चुनाउ अघि एक अभूतपूर्व पाइला चाल्दै लगभग प्रत्येक मतदान केन्द्रमा वरिपरि एउटा लच्छुमण रेखा तान्ने घोषणा गरेको छ। सेतो चॉकले मतदान केन्द्र वरिपरि १ सय मीटरको परिधि बनाइने छ। यस निर्धारित क्षेत्रमा केवल पंजीकृत मतदाताहरुलाई प्रवेश गरिने अनुमति हुनेछ। सुरक्षालाई सशक्त बनाउनकालागि धैरै स्तरको सत्यापन पनि यस प्रणालीमे शामेल गरिएको छ। लच्छुमण रेखा बाहिर बूथ स्तरको एक अधिकारी अनि एक सरकारी अधिकारीले पहिला दस्तावेजको जांच गर्नेछन्।

**भागोप्रामो-मिरिक**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले हिजो मिरिकमा परिवर्तन यात्राको साथमा चुनावी जनसभाको आयोजना गरेको छ। पार्टीको खरसाङ विधानसभाका उम्मेद्वार अमर लामाको पक्षमा चुनाव प्रचार गर्न मिरिकमा परिवर्तन यात्राको साथमा चुनावी जनसभाको आयोजना गरिएको थियो। आजदेखि परिवर्तन यात्राको नाम लिएर मिरिकबाट रैली शुरु गरेको थियो। यसैबीच पार्टीले चुनाव घोषणा पत्र जारी गरेको छ। जसमा दार्जिलिङ पहाड क्षेत्रको आवश्यकता, विकास र पहिचान बारेमा उल्लेख गरिएको बताइएको छ।

**पार्टी-घोषणापत्र**

दार्जिलिङ विधानसभा क्षेत्रका भागोप्रमो उम्मेदवार विजय कुमार राईले पश्चिम बंगाल विधानसभा चुनाव २०२६ लाई लक्षित गर्दै पार्टीको घोषणापत्र सार्वजनिक गरेका छन्।
पत्रकार सम्मेलनमा बोल्दै भागोप्रमोको घोषणापत्रलाई दार्जिलिङ पहाड क्षेत्रको आवश्यकता, विकास र पहिचानसँग

जोडिएको बताएका छन्।

**gnlf**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा अध्यक्ष  मन घिसिङद्वारा हिजो खर्साङ बिधानसभा क्षेत्र अन्तर्गत मङ्पु - लाब्दा समष्टि अनि सिटोङ - -लाठ समष्टिमा भाजपा गठबन्धन दलका उम्मेदवार सोनाम लामाको पक्षमा चुनाव प्रचार प्रसार गर्नुभयो । सम्बोधनको क्रममा अध्यक्ष घिसिङले, राजनैतिक समाधनको निम्ति हामीले एनडीए संग जोडिएकोले दायाँबायाँ अल्मलिनु नहुने बताउनु भयो।

**सुके**

सुके मानेभञ्ज्याङ समष्टिका भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका कार्यकर्ताले, क्षेत्रका विभिन्न स्थानहरूमा पोस्टरिङ लगाउने कार्य गरेका छन्। दार्जिलिङमा आगामी विधान सभा चुनावका लागि भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका उम्मेदवार विजय कुमार राईलाई टर्चलाइटको चिन्हमा भोट लगाएर विजयी बनाउने अपिल गर्दै उक्त पोस्टरिङ गरेका छन्।

*********